**संघीय संसद**
**संसदीय सुनुवाई समितिको**

# सूचना

देहायका राष्ट्रहरुका लागि नेपाली राजदूतको पदमा देहाय अनुसारका व्यक्तिहरुको नियुक्तिका लागि नेपाल सरकारबाट सिफारिस भई संसदीय सुनुवाइका लागि मिति २०७६/०३/०१ गते समितिमा पत्र प्राप्त हुन आएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त पदमा उहाँहरुलाई नियुक्ति गर्न उपयुक्त छैन भन्ने कसैलाई लागेमा स्पष्ट आधार एवं सबुत प्रमाण सहित मिति २०७६ असार १४ गते कार्यालय समय भित्र यस समिति समक्ष निम्न माध्यम मार्फत वा सोझै समितिमा आई सूचना वा उजुरी दिन सकिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ । यस्तो सूचना दिने सूचनादाताले आफ्नो नाम थर, वतन स्पष्ट रुपमा खुलाउनु पर्ने र निजले चाहेमा सूचनादाताको नाम गोप्य राखिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै सतहत्तरै जिल्लाका सम्बन्धित प्रमुख जिल्ला अधिकारीहरुले यस सूचनालाई जिल्ला प्रशासन कार्यालय लगायत सम्भव भएसम्म अन्य सरकारी कार्यालय एवं सार्वजनिक स्थलहरुमा टाँस्ने व्यवस्था गरिदिनु हुन र यस सम्बन्धी कुनै सूचना वा उजुरी प्राप्त हुन आएमा मिति २०७६ असार १४ गते कार्यालय समय भित्र यस समितिमा आइपुग्ने गरी पठाइदिनु हुन समेत अनुरोध छ ।

| क्र.सं. | सिफारिस गरिएका व्यक्तिहरुको नामावली | सिफारिस गरिएको मुलुक |
|---|---|---|
| १. | श्री वंशीधर मिश्र | बंगलादेश |
| २. | श्री नारदनाथ भारद्वाज | कतार |
| ३. | श्री महेशराज दाहाल | अष्ट्रेलिया |
| ४. | श्री दावा फुटी शेर्पा | स्पेन |

**सूचना दिने ठेगाना:**
संसदीय सुनुवाई समिति,
संघीय संसद सचिवालय, सिंहदरवार ।
फोन नं./ फ्याक्स: ०१-४२००२७७
ईमेल: *parl_hearing@parliament.gov.np*